नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९    स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक १८९    २०७७ साल फागुन १४ गते शुक्रबार (26 Feb. 2021 Friday)    मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***



**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



*यस अंक भित्र :* २ पृष्ठमा : 'बिबिसी सो'का चर्चित ... ३ पृष्ठमा : रिटर्नी स्वमसेवकहरुको ... ३ पृष्ठमा :भेनेजुएलाद्वारा युरोपेली ...


## विद्यालय र क्याम्पसमा लागुऔषध र साइबर अपराध बारे प्रशिक्षण दिँदै प्रहरी



**दैनिक समाचारदाता
राजविराज, १३ फागुन ।**
बढ्दै गएको लागु औषध सेवनकर्ता र साइबर अपराधलाई न्युनिकरण गर्न सचेतनाका साथै सप्तरी प्रहरीले जिल्लाका विभिन्न विद्यालय तथा क्याम्पसहरुमा प्रशिक्षण समेत दिइरहेको छ ।

जिल्ला प्रहरी कार्यालयले सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तरगत बिहीबार राजविराजस्थित पाराडाइज क्याम्पसका विद्यार्थीहरुलाई लागु औषध र साइबर अपराध बारे सचेतना जगाउन प्रशिक्षण दिएको हो ।

विद्यार्थीलाई लागु औषध सेवनले पुऱ्याउने शारिरीक, मानसिक र सामाजिक क्षति तथा साइबर अपराध के हो भन्ने समेत थाहा नहुने गरेकाले यस्ता बिकृती र अपराध रोक्न प्रहरीले विद्यालय र क्याम्पसबाटै सचेतना फैलाउन अभियान थालेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी भुवनेश्वर साहले क्याम्पस प्राङ्गणमा पुगेर विद्यार्थीलाई लागु औषध सेवनले गर्ने हानी तथा साइबर अपराधले निम्त्याउने घटना बारे बिस्तृत जानकारी र प्रशिक्षण दिएका छन् ।

निर्दोषका लागि धर्मराज र दोषिका लागि यमराज जस्तै आफूहरु भएको बताउँदै उनले सुरक्षित समाज निर्माणको हाम्रो अभियान सफल बनाउन विद्यार्थी, अभिभावक र समाजका सबै वर्ग समुदायलाई सहयोग गर्न आग्रह समेत गरे ।

प्रहरी उपरिक्षक राजेन्द्र धमलाले लागु औषधको सेवन र साइबर अपराधका घटना बृद्धी भइरहेका बेला विद्यालय र क्याम्पसमा पढ्ने विद्यार्थीहरुलाई त्यसबाट बचाउन र अपराध न्यूनिकरण गर्न यस्तो अभियान चलाइएको र जिल्लाका हरेक शिक्षण संस्थामा उक्त कार्यक्रम पुऱ्याउने योजना रहेको बताए ।

## उपचार खर्च जुटाउन समस्यामा परेकी निरसी खंगलाई सहयोग





**दैनिक समाचारदाता
राजविराज, १३ फागुन ।**
राजविराज नगरपालिका १० दिघवाकी २५ वर्षिया निरसी खंगलाई उपचार खर्च जुटाउन समस्या परेको बेला सहयोग हातहरुले आर्थिक सहयोग उपलब्ध गराएका छन् ।

गरिबीका कारण उपचार खर्च जुटाउन नसक्दा जिवनमरणको दोसाधमा रहेकी निरसी गत माघ १३ गते चिसो छल्न बालिएको घुरबाट सल्केको आगोले जलेर गम्भिर घाइते भएकी छिन् । उनको हाल राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

यसैबीच बिहीबार बालाजी डेन्टल केयर प्रालिका निर्देशक विवेक झा र सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झाले अस्पतालमै पुगि १ हजार १ सयका दरले नगद सहयोग उपलब्ध गराएका छन् ।

यस्तै बिहीबारै पार्थो सरकारले १ हजार १ सय, नन्द किशोर गुप्ताले ५ सय, रामकृष्ण रजक तथा ओमप्रकाश यादवले १/१ सय आर्थिक सहयोग प्रदान गरेका छन् ।

ऐलानी जग्गामा बसोवास गर्दै आएका चार वर्षिय छोरीकी आमा खंग मजदुरी गरेर गुजारा चलाउँदै आएकी थिइन् । पति राजाराम पनि अर्काको घर र खेतमा काम गर्दै आएका थिए । तर, विगत एक महिनादेखी पत्नि अस्पतालमा धर्ना भएपछि रेखदेखमै खटिनु परेकाले राजारामको पनि आम्दानीको सबै बाटो बन्द भएको छ ।

जसकारण उपचारका लागि अस्पतालमा भर्ना रहेकी पत्निको उपचार खर्च जुटाउन र हातमुख जोड्न समेत समस्या भएको समाचार यस दैनिकमा प्रकाशित भएपछि अहिले सहयोगि हातहरु उनलाई आर्थिक सहयोग गर्न बढीरहेका छन् ।

## प्रेस संगठन सप्तरीको दोश्रो जिल्ला भेला सम्पन्न




**दैनिक समाचारदाता
राजविराज, १३ फागुन ।**
प्रेस संगठनको सप्तरीको दोस्रो जिल्ला भेला बिहीबार राजविराजमा सम्पन्न भएको छ ।

आयोजित भेलामा प्रदेश ईन्चार्ज प्रकाश खतिवडाले प्रेस संगठनको केन्द्रिय परिपत्र माथि प्रकाश पार्दै पत्रकार संगठनले खेल्नु पर्ने भुमिका बारे धारणा राखेका थिए ।

भेलामा नेकपा सप्तरीका नवनियुक्त जिल्ला अध्यक्ष उमेश कुमार यादवले अगामी दिनमा भएको कमी कमजोरीलाई आत्मसाथ गरेर अगाडी वढ्नु पर्ने बताए ।

जिल्ला सचिव तथा प्रदेशसभा सदस्य गोविन्द न्यौपानेले नेकपाको विचार धारालाई आत्मसाथ गरेर जानुपर्ने सञ्चारकर्मीलाई आग्रह गरे ।

सोही भेलामा नेकपाका प्रदेश सदस्य महेश प्रसाद यादवले पत्रकारहरुमाथि हुनेगरेको विभेदलाई गम्भिरताका साथ पार्टीले लिनु पर्ने वताए । पार्टीको अग्रमोर्चामा रहेका पत्रकारहरुलाई पेशागत हकहितका लागि नेतृत्व तहले ध्यान दिनुपर्ने वताए ।

यसैगरी वरिष्ठ पत्रकार अनिल कुमार अनलले विगतमा पार्टीले पत्रकारहरुलाई अवमुल्यन गरेकोले अगामी दिनमा कदर गर्नु पर्ने सुझाव दिए । संचारकर्मीहरुको कामलाई प्रशंसा नगरिएकाले आगामी दिनहरुमा विशेष ध्यान पुऱ्याउनु पर्ने बताए ।

यसैगरी प्रेस संगठनका केन्द्रिय कार्यालय सदस्य देवराम यादवले नेपाल पत्रकार महासंघको


*बाँकी तीन पृष्ठमा*





## सम्पादकीय ....

### महामारी अन्त्य भएको छैन्, सतर्क रहौं, सतर्कता अपनाऔं

कोरोना महामारीको त्रास उत्पन्न भएको नेपालमा झण्डै एक वर्ष हुन थालेको छ। कोरोना महामारीका कारण वर्ष गत चैत ११ गतेदेखी मुलुकभर भएको लकडाउन २०७७ साउन ७ मा अन्त्य भएको थियो। तर, सप्तरीमा साउन ८ गतेदेखी पुनः लकडाउन भएको थियो। एक महिनापछि लकडाउन सकिएको थियो। सो अवधीमा महामारीका कारण नेपालको सम्पूर्ण क्षेत्र प्रभावित बन्न पुग्यो।

अहिले नेपालमा कोरोना महामारीको त्रास न्युन रहेपनि पूर्ण रुपले नियन्त्रणमा आइसकेको छैन्। सरकारले महामारी बिरुद्ध खोप समेत दिन थालेको अवस्था छ। यस्तो अवस्थामा अहिले पनि महामारीको त्रास रहेको छ। तर, मानिसहरुले यसलाई हल्का रुपमा लिएको देखिन्छ। सरकारले स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गरेपनि मानिसहरुले त्यसको पालना गरेको देखिन्न्।

यसर्थ अगामी दिनहरुमा कोरोना रोकथाम तथा नियन्त्रणको प्रयासमा अझै सुधार गर्नु पर्ने आवश्यकता रहेको छ भने मानिसहरुले वेवास्ता गर्नुका साटो गम्भिर रुपमा लिनु पर्दछ। यसका लागि सबैभन्दा बढी स्थानिय सरकारले जनताको स्वास्थ्य अवस्थालाई ध्यान दिनु पर्ने हुन्छ। तसर्थ कोरोनाको अन्त्य नभएको अवस्थामा सबैले कोरोनाको त्रासलाई हलुका रुपमा नलिई सर्तकर्ता अपनाउनु पर्ने आवश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'बिबिसी सो'का चर्चित मास्टर सेफ सन्तोष साह भन्नुहुन्छ, 'नेपाली खानालाई विश्वभर पस्किँदैछु'



काठमाडौँ, १३ फागुन (रासस)।

नेपाली भएर जन्मिएपछि संसारलाई नेपालको मौलिकता र पहिचान चिनाउनैपर्छ। मेहनत र सङ्घर्षले सफलताको शिखरमा पुऱ्याउने थोरै मात्र पात्र भेटिन्छन्। तिनैमध्येका एक हुन्, चर्चित सेफ सन्तोष साह। पाककलामा उत्कृष्ट प्रदर्शन गर्दै नेपाली सेफ सन्तोष साह 'बिबिसी मास्टर सेफ प्रोफेसनल्स युके' को उपविजेता बन्नुभएको थियो। पाककलाका बादसाह सन्तोषको नेपालमा मात्र होइन, विश्वभर चर्चा चुलिएको छ। विश्वचर्चित सञ्चार माध्यमले साहलाई 'सेलीब्रेटी' बनाए। कारण थियो, उहाँको सामान्य र सरल जीवन, दुःख, सङ्घर्ष, दैनिकी र सफलतासँग जोडिएका कथा। हो, आज उहाँ विश्वको नजरमा पर्न सफल हुनुभयो, उहाँले नेपालको मौलिक खानाको परिकारलाई विश्वमाझ पस्केर नेपाल र नेपालीको सान र गरिमालाई पनि उँचो बनाउन भूमिका खल्नुभयो।

"नाम राख्नलाई नेपाली भएर जन्मिएपछि संसारमा सफलता पाउन कठिन छैन मेहनत चाहिन्छ। विश्वबजार घुमेर नेपाली खानाको प्रवर्द्धन गर्ने योजना बनाएको छ", बेलायतको चर्चित मास्टर सेफको उपविजेता बनेपछि पहिलोपटक बिहीबार नेपाल आउनुभएका सेफ साहले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा संक्षिप्त कुराकानीका क्रममा भन्नुभयो।

खाद्य गुणस्तर अभिवृद्धिबारे सचेतना फैलाउने उद्देश्यका साथ अघि बढ्ने योजना साहले सुनाउनुभयो। बेलायतमा छिट्टै रेष्टुरेन्ट सञ्चालन गर्ने र नेपालमा पनि रेष्टुरेन्ट खोल्ने योजना बनाउनुभएका साहले यसमा नेपाली सेफले अवसर पाउने बताउनुभयो। उहाँ भन्नुहुन्छ, "मेहनत नै हो हाम्रो सफलता, जति उपलब्धि छ, त्यसैमा खुशी हुन सिक्नुपर्छ। जब म 'प्लाष्टिकको झोला बेच्दथेँ र पाउरोटी बेच्थेँ त्यतिबेला पनि खुशी थिएँ, अहिले यो सफलतामा पनि खुशी नै छु।"

अहिले जतिपनि सेफहरू हुनुहुन्छ, उहाँहरूले नेपाली खाना जन्मेदेखि बनाएको र आफूले दुई वर्षदेखि बनाउन थालेकाले अझै नेपाली सेफहरूबाट धेरै सिक्नका लागि नेपाल आएको सुनाउनुभयो। "नेपालमा जन्मेपछि केही कुरा पनि गाह्रो हुँदैन। खाली सोच बनाएर कर्ममा तल्लीन हुनुपर्छ", उहाँले अगाडि भन्नुभयो, "हाम्रो 'फुड इन हाइजिन' छैन", चिसो खाना नखानू र बोतलबिनाको पानी नपिउनू भन्ने हाम्रो सन्देश हो। चिसो र बासी खानाले मानव शरीरलाई असर गर्छ। मेरा जति साथी छन् तीनलाई तातो खाना खानु, बोतलको मात्रै पानी पिउनु भन्ने मेरो सन्देश छ। विदेशीका लागि यो गुणस्तर कायम गर्नैपर्छ।"

एउटा सामान्य नेपालीको छोरो यति ठूलो सफलतामा पुग्छ भन्ने विश्वासै थिएन। देशभित्र भान्से र खानाका लागि मान्यतै छैन। यस क्षेत्रमा पनि केही गरौँ भन्ने उद्देश्यका साथ लागी सङ्घर्षको यात्रा शुरु गरिएको साहले बताउनुभयो। उहाँले सेफकै लागि १० वर्ष भारतमा काम गरेको भए पनि नेपालको खाना र पहिचानको लागि केही गरौँ भनेर दिलैदेखि सोच आएकाले अहिलेको सफलता मिलेको बताउनुभयो। "अब नेपालको खानाको गुणस्तर बढ्छ, खानाबाट पनि सरकारले आम्दानी गर्न सक्छ।"

अहिलेको सफलतालाई लिएर अझै दोब्बर सफलता पाउने गरी नेपाल प्रवर्द्धनमा जुट्ने साहको भनाइ छ। साहले पाँच भाषामा पुस्तक प्रकाशन गर्दै हुनुहुन्छ। चर्चित पेन्गुइन पब्लिकेशनले साहको 'कुक बुक' पुस्तक प्रकाशन गर्नेछ। पुस्तक प्रकाशनको कामका लागि पनि आफू नेपाल आएको साहले बताउनुभयो। खानाको विश्वव्यापी 'रोडम्याप' बनाएको र लण्डनबाटै यो अभियान शुरु गरिने उहाँले जानकारी दिनुभयो। भान्सेको संस्कार नेपालमा छैन तर, सुधार गरे सम्भव हुन्छ। खाना सबैले बनाउँछन् गुणस्तरीय खानामा ध्यान दिनुपर्छ। सरसफाइ र स्वच्छतालाई अभियानकै रूपमा नेपाल अघि बढे सफलतामा पुग्न भन्ने उहाँको वाणी छ।

**नेपालमा के गर्दै हुनुहुन्छ साह**

प्यासिफिक एशिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरको पहल र समन्वयमा नेपाल आउनुभएका साह करिब एक महिना नेपालमा रहनुहुनेछ। उहाँ पाटाको ४४औँ वार्षिक साधारणसभाको प्रमुख वक्ताका रूपमा सहभागी हुनुहुनेछ। उहाँ नेपाल पर्यटन बोर्डलगायत संस्थाले गर्ने कार्यक्रममा पनि सहभागी हुनुहुनेछ। साह पाँच दिन होटल क्वारेन्टिन बसाइपछि पर्यटकीय गतिविधिमा सक्रिय हुनुहुनेछ। काठमाडौँ पार्क भिलेज र टर्किज एयरवेजको सहकार्यमा पाटा नेपालको अग्रसरतामा साह नेपाल आउनुभएको हो।

नेपालको पाकशास्त्रलाई व्यापक अनुसन्धान गरी पर्यटनका विविध विधामध्ये पाकवान महत्वपूर्ण पाटो बन्न सक्ने भन्ने सन्देश दिनु पनि उहाँको नेपाल आगमनको उपलब्धि भएको पाटाका कोषाध्यक्ष खेम लकाईँले बताउनुभयो। नेपालका चर्चित सेफ गोविन्दनरसिंह केसीले नेपालको ४० वर्षे सेफ इतिहासमा नेपाल र नेपालको परिकारलाई विश्वभर चिनाउन सफल भएकामा खुशी व्यक्त गर्नुभयो। पाटाका प्रमुख कार्यकारी अधिकृत सुरेशसिंह बुडालले सेफ साहको नेपाल आगमनले कोभिडबाट थलिएको मुलुकको पर्यटनलाई प्रवर्द्धनका साथै नेपाल गन्तव्यलाई खानाको माध्यमबाट विश्वभर पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

**यसरी विश्वभर कहलिनुभयो**

बेलायतको चर्चित प्रसारण सेवा बिबिसीबाट प्रसारण हुने प्रतिष्ठित 'मास्टर सेफ प्रोफेसनल्स २०२०' मा साह उपविजेता बन्नुभएको थियो। संसारभरका विभिन्न कुइजिनका झण्डै तीन दर्जन सेफले भाग लिएको उक्त प्रतिस्पर्धाको 'ग्राण्ड फिनाले'सम्म पुग्ने अन्तिम तीनमा साह पनि हुनुहुन्थ्यो। ग्राण्ड फिनाले एपिसोडमा नेपाली ढाकाटोपीमा देखिनुभएका साह दोस्रो बन्नुभयो। उहाँले अन्तिम प्रस्तुतिमा नेपालको राष्ट्रिय झण्डा प्रदर्शन गरेर नेपाली प्रशांसा बटुल्नुभएको थियो।

साहको यो सफलतालाई संसारभरका सञ्चारमाध्यमले स्थान दिए। नेपालको पहिचानलाई विश्वभर फैलाउन र पर्यटन प्रवर्द्धनका निम्ति महत्वपूर्ण सहयोग पुगेको छ। अन्तिम प्रतिस्पर्धामा सेफ साहले हड्डीवाला भैँसीको मासु, खोले साग, भेडाको गिदीलगायत परिकार पकाएर चरेशको थालमा पस्किनुभएको थियो। खानासँगै उहाँले नेवारी समुदायमा सगुनका रूपमा प्रचलित 'ऐला' पनि 'सर्भ' गर्नुभएको थियो।

बिबिसी मास्टर सेफमा नेपाली खानासहित भाग लिने पहिलो सेफ सन्तोषको फाइनलसम्मको यात्रा प्रभावशाली रह्यो, जसले उहाँलाई विश्वस्तरमा प्रतिष्ठित बनायोदलस। सिस्नुको तरकारी, बेथेको साग, योमरी, गुन्द्रुक, मकैको रोटी, भाङको अचारलगायत दर्जनौँ मौलिक नेपाली परिकार विश्वभरका दर्शकमाझ पस्किनुभएका साह देशवदेशका लाखौँ नेपालीको मन जित्न सफल हुनुभएको छ। नेपाली खानाको मौलिकता र विविधतालाई विश्वमाझ चिनाउनु नै आफ्नो प्रमुख लक्ष्य बताउने सन्तोषले भविष्यमा नेपाली खानाको प्रवर्द्धनमा निरन्तर जुटिरहने जानकारी दिनुभयो।

**विमानस्थलमा भव्य स्वागत**

'मास्टर सेफ युके'मा उपविजेता 'फस्ट रनरअप' भएका साह बिहीबार नेपाल आउनुभएको छ। मध्याह्न काठमाडौँ ओर्लिएका साहलाई विमानस्थलमा भव्य स्वागत गरियो। नेपालका सेफ तथा पर्यटन व्यवसायीले स्वागत गरेका हुन्। नेपालमा लामो समयदेखि काम गरेका 'लेजेन्ड' सेफ तथा युवा सेफको उपस्थितिले माहोल निकै भावुक बनेको थियो।

**उहाँ को हुनुहुन्छ**

नेपालको सिरहाको करजन्हामा जन्मिनु भएका साह हाल बेलायतमा बस्नुहुन्छ। सात दाजुभाइ दिदीबहिनीमध्ये उहाँ सबैभन्दा कान्छो सदस्य हुनुहुन्छ। सानै उमेरमा बुबाको साथ गुमाउनु भएका साहले १० वर्षका उमेरदेखि काम गर्न थाल्नुभयो। स्थानीय बजारमा प्लास्टिकको झोला बेच्नेदेखि पाउरोटी किनेर बेचेको पनि उहाँसँग अनुभव छ।

नेपालमा कक्षा १० सम्म पढेका साहले एसएलसी उत्तीर्ण गर्न नसकेपछि कामको खोजीमा सन् २००० मा १५ वर्षका उमेरमै भारतको गुजरात पुग्नुभयो। उहाँले अहमदावादको एक रेस्टुरेन्टमा भाडा माँझ्ने काम शुरु गर्नुभयो। एकपछि अर्को होटलमा काम गरेर नयाँ अनुभव उहाँले सम्हाल्नुभयो। कामकै सिलसिलामा पकाउन सिक्नुभयो अनि अङ्ग्रेजी भाषाको ज्ञान पनि लिनुभयो। पछि होटल व्यवस्थापनमा डिप्लोमा गरेर सात वर्षमै उहाँ एक पाँचतारे होटलको सेफ बन्नुभयो।

सेफ साहले भारतमा खानेकुरा महोत्सवसमेत आयोजना गर्नुभयो। महोत्सवले साहबारे तारिफ बढ्यो। लगत्तै बेलायतबाट एक गुजराती व्यवसायीको सहयोगले सन्तोषलाई बेलायतमा रहेर काम गर्ने प्रस्ताव राखे। उहाँ सन् २०१० मा बेलायत जानुभयो र एक रेस्टुरेन्टमा काम गर्नुभयो। बेलायतकै ललित होटल र बनारसमा समेत काम गर्नुभयो।

# शिक्षकले तलब नपाउँदा विद्यार्थीले गरे विद्यालयमा तालाबन्दी

लहान, १३ फागुन (रासस)।

शिक्षकलाई तलब उपलब्ध गराउन माग गर्दै विद्यार्थीले सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-५ खरुक्याहीस्थित जनता माध्यमिक विद्यालयमा तालाबन्दी गरेका छन्। तालाबन्दीका कारण पठनपाठन प्रभावित भएको छ।

विगत एक वर्षदेखि आफ्ना शिक्षकले तलब नपाउँदा समस्यामा परेको भन्दै विद्यार्थीले आफ्नै विद्यालय र वडा कार्यालयमा तालाबन्दी गरेका हुन्। निजी स्रोतमा कार्यरत विद्यालयका चार शिक्षकले गत चैत महिनादेखि तलब सुविधा नपाएको भन्दै शिक्षकले पठनपाठन बन्द गरेपछि विद्यार्थीले पनि शिक्षकको समर्थनमा तालाबन्दी गरेको कक्षा १० मा अध्ययनरत अन्सु यादवले जानकारी दिनुभयो।

कोभिड-१९ का कारण गरिएको लकडाउनपछि विद्यालय खुले पनि तलब नपाएको भन्दै शिक्षकले

*बाँकी तीन पृष्ठमा*

# रिटर्नी स्वमसेवकहरुको क्षमता विकास तालिम सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

सप्तरी जिल्लामा संचालित सुरक्षित आप्रवासन परियोजना अन्तरगत रिटर्नी स्वमसेवकहरुको दुई दिने क्षमता विकास तालिम बिहीबार राजविराजमा सम्पन्न भएको छ ।

हेल्भेटास नेपालको आयोजनामा संचालित तथा सप्तरी सामुदायिक विकास केन्द्र नेपालको संयोजनमा सम्पन्न तालिममा समुदायस्तरमा बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित एवं उपलब्धीमूलक बनाउने उद्देश्यले सो तालिम दिइएको सुरक्षित आप्रवासन परियोजना सप्तरीका कार्यक्रम संयोजक राजेन्द्र यादवले जानकारी दिएका छन् ।

तालिममा जिल्लाको शम्भुनाथ नगरपालिका, कंचनरुप नगरपालिका, राजविराज नगरपालिका र राजगढ गाउँपालिकामा संचालित परियोजनामा आवद्ध रिटर्नी स्वयमसेवकहरुको सहभागिता रहेको थियो ।

सप्तरी सामुदायिक विकास केन्द्र नेपालका अध्यक्ष शम्भुनन्द चौधरीको अध्यक्षतामा सम्पन्न तालिम समापनको अवसरमा सहभागिहरुले तालिममा सिकेका र बुझेका कुराहरुलाई सामुदायिक स्तरमा कार्य गर्न सहज हुने धारणा राखेका थिए । सो तालिममा हेल्भेटास नेपालका कार्यक्रम अधिकृत रामप्रमेश मण्डल र सप्तरीका संयोजक राजेन्द्र यादवले सहजिकरण गरेका थिए ।

## *शिक्षकले तलब ...*

पठनपाठन नगराउँदा आफूहरूको पठनपाठन प्रभावित भएको विद्यार्थीले बताएका छन् । विद्यार्थीले आफ्ना शिक्षकलाई तत्काल तलब उपलब्ध नगराए गाउँपालिका कार्यालयमै तालाबन्दी गर्ने चेतावनीसमेत दिएका छन् । तालाबन्दीका कारण विगत तीन दिनदेखि विद्यालयको पठनपाठन अवरुद्ध भएको छ ।

विद्यालयले लामो समयसम्म तलब नखुवाउँदा घरखर्चसमेत चलाउनै समस्या भएको विद्यालयमा निजी स्रोतबाट कार्यरत शिक्षक शिवनारायण यादवले बताउनुभयो । यता विद्यालयका निमित्त प्रधानाध्यापक अरुणकुमार यादवले शिक्षकको तलबका विषयमा गाउँपालिकालाई पटकपटक लिखित अनुरोध गर्दा पनि कुनै सम्बोधन नभएका गुनासो गर्नुभयो ।

लक्ष्मीपुर पतारी-५ का वडाध्यक्ष महेन्द्र साहले शिक्षकलाई तलब खुवाउने विषयमा गाउँपालिकासँग समन्वय भइरहेको र चाँडै शिक्षकलाई तलब खुवाउने बताउनुभयो । कक्षा १ देखि १० सम्म पठनपाठन हुने सो विद्यालयमा ८०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

# बाल विवाह र न्युनिकरण बारे वक्तृत्वकला सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

सुरक्षित सिकाइको मुल आधार, बालसंरक्षण हामी सबैको सरोकार मुल नाराका साथ सुरक्षित सिकाइ क्रममा बाल विवाह र न्युनिकरण बारे नगरपालिका स्तरीय वक्तृत्वकला प्रतियोगिता बिहीबार सम्पन्न भएको छ ।

विश्व शिक्षाको सहयोग र असमान नेपालको आयोजना एवं शम्भुनाथ नगरपालिकाको समन्वयमा संचालित प्रतियोगितामा नगरपालिका क्षेत्र भित्रका ६ वटा माध्यमिक विद्यालयका विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

आयोजित वक्तृत्वकला प्रतियोगिताका बिजयी विद्यार्थीहरुलाई कार्यक्रमका प्रमुख अतिथी नगरपालिकाका शिक्षा अधिकृत दिपेश कुमार रायले प्रथम भएकी अर्चना कुमारी यादवलाई डिक्शनरी र कापी, दोश्रोहुने अर्जुन कुमार यादवलाई ग्रामर र कापी, तेश्रो हुने टेक बहादुर बाँनियालाई एस ए बुक र कापी तथा सन्त्वना हुने राजु कुमार मण्डललाई सामान्य ज्ञान र कापी पुरस्कार स्वरुप प्रदान गरेका थिए ।

बुद्धिविद्या मुनर नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक तुलसी दास चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा आसमान नेपालका शिक्षा अधिकृत अमित दहित, सामाजिक परिचालक प्रमोद यादव, भोगेन्द्र प्रसाद चौधरी, धर्मदेव साह, योगेन्द्र साहलगायतको उपस्थिति रहेको थियो ।

## *प्रेस संगठन ...*

अगामी आसन्न निर्वाचनमा रणनीति निर्माण गरेर कार्य समितिमा संगठनका वढि भन्दा वढि उपस्थिति वनाउन सवै तहवाट सहयोग पुऱ्याउन आग्रह गरे ।

संगठनको संयोजक गोपाल प्रसाद गुप्ताको अध्यक्षतामा सम्पन्न भेलामा सुरेन्द्र प्रसाद गुप्ता, सतिश दत्त लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए भने कार्यक्रम संचालन दिनानाथ यादवले गरेका थिए ।

प्रेस संगठनको आगामी फागुन १६ गते हुने प्रदेश भेलामा सप्तरीवाट २१ जनाको सहभागीता रहने संगठनका संयोजक गुप्ताले जानकारी दिए ।


# जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९, सप्तरी

मो.न.९८४२८३३३६९, ९८०१५४९६०२, ९८०१५४९६०४

ईमेल : janajyoticoop@gmail.com, https://www.janajyoticoop.com.np

## ऋण बुझाउने ३५ दिने सुचना

यस जन ज्योति कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठ सप्तरीबाट विभिन्न मिति तथा उद्देश्यमा ऋण लिएको तपसिलका ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने ब्याज तथा हर्जना रकम नबुझाएको हुँदा निजहरुलाई पटक पटक मौखिक तागेदा तथा लिखित पत्राचार गरिसकिएको तत्पश्चात पनि ऋण नबुझाई अटेरी गरेको हुँदा निजहरुलाई ऋण बुझाउन आउन ३५ दिने सुचना जारी गरिएको । उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ । सो नगरिएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको बिनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्री गरी असुल उपर गरिने ब्योहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको नाम, थर | वुवा, पति | बाजे, ससुरा | ठेगाना | ऋणको उद्देश्य |
|---|---|---|---|---|---|
| १ | राम कृष्ण साह | दाना लाल साह | प्रभुलाल साह | कटैया | ब्यापार कर्जा |
| २ | बिष्णु कुमार मण्डल | सुर्य नारायण मण्डल | मुलकेश्वर मण्डल | भगवतपुर | ब्यापार कर्जा |
| ३ | कैलु खंग | पवन खंग | तेतर खंग | राजविराज ९ | ब्यापार कर्जा |
| ४ | अनिता कुमारी सुतिहार | बिन्देश्वर बरही | जग नारायण बरही | राजविराज ५ | ब्यापार कर्जा |
| ५ | मो.नजाम | मो. अलामुदिन | विलट मियाँ | राजविराज ९ | ब्यापार कर्जा |
| ६ | अनारबति देवी नौनिया | बुधेश्वर नौनिया | पुहुप लाल नौनिया | राजविराज ९ | ब्यापार कर्जा |
| ७ | लक्षमण यादब बि. | जानकी यादब | बुनि यादब | राजविराज १३ | ब्यापार कर्जा |
| ८ | राम विनय राउत | बद्री राउत | स्व. मनोहर राउत | राजविराज ७ | ब्यापार कर्जा |
| ९ | दिनेश कुमार यादब गिता | भुनर यादब | लेलहाई यादब | राजविराज ६ | ब्यापार कर्जा |


# विश्व समाचार

## भेनेजुएलाद्वारा युरोपेली युनियनका राजदूतलाई ७२ घण्टाभित्र देश छाड्न आदेश

काराकास, १३ फागुन (रासस/एएफपी) ।

भेनेजुएलाले बुधबार युरोपेली युनियनका राजदूतलाई राजधानी काराकास ७२ घण्टाभित्र छाड्न आदेश दिएको छ । युरोपेली युनियनले भेनेजुएला विरुद्ध प्रतिबन्धको घोषणा गरेलगत्तै युनियनका लागि पोर्चुगलका राजदूतलाई देश छाड्न आदेश दिएको हो ।

भेनेजुएलाका विदेशमन्त्री जोर्ज अरेजाले युनियनका राजदूत इसाबेल ब्रिलहान्ट पेड्रोसालाई देश छाड्ने आदेश दिनुभएको थियो । युरोपेली युनियनका विदेश मन्त्रीको बैठकले "लोकतन्त्रको अपमान" गरेको भन्दै भेनेजुएलाका १९ जना अधिकारी विरुद्ध प्रतिबन्ध घोषणा गरेको थियो ।

मन्त्री अरेजाले संवाददातासँग भन्नुभयो, "आज, राष्ट्रपति निकोलास मदुरोको निर्णय बमोजिम इसाबेल ब्रिलहान्टलाई देश छाड्न ७२ घण्टाको समयावधि राखेर आदेश दिएका छौं ।"

उता, ब्रसेल्समा युरोपेली युनियनले भेनेजुएलालाई आफ्नो निर्णय फिर्ता गर्न माग गरेको छ । इयूका प्रवक्ता नबिला मासरालीले भेनेजुएलाको निर्णयप्रति खेद व्यक्त गर्दै यस निर्णयले अन्तरराष्ट्रिय जगतबाट भेनेजुएला थप एक्लिने चेतावनी दिनुभएको छ ।

राष्ट्रपति मदुरोले टेलिभिजनमा सम्बोधन गर्दै युरोपेली राजदूतलाई निश्कासन गर्ने निर्णय अलोकप्रिय र ठीक नदेखिए पनि आफूले बाध्य भएर यस्तो निर्णय गर्नु परेको बताउनुभयो ।

## इक्वेडरमा जेलमा भएको दङ्गामा परी ज्यान गुमाउनेको संख्या ७९ पुग्यो

ग्वायाक्युली, इक्वेडर, १३ फागुन (रासस/एएफपी) ।

इक्वेडरमा गत मङ्गलबार जेलहरुमा भएको दङ्गामा परी ज्यान गुमाउने व्यक्तिको संख्या ७९ पुगेको प्रहरी स्रोतले बिहीबार जनाएको छ । इक्वेडरका राष्ट्रपति लेनिन मोरेनोले चार ओटा जेलमा एकसाथ भएको यस हिंसामा आपराधिक सङ्गठनको हात रहेको आरोप लगाउनुभएको छ ।

मानवअधिकारवादी संस्थाले यसलाई हिंसालाई 'अभूतपूर्व नरसंहार' को संज्ञा दिँदै मुलुकमा सुरक्षाको अभावमा चिन्ता व्यक्त गरेको बताइएको छ ।

गत वर्ष पनि कैदीको विवादमा ५१ व्यक्तिको मृत्यु भएको थियो । गतवर्ष देशका अपराधी गिरोहको गतिविधि नियन्त्रण र हिंसा कम गर्न प्रयासको लागि जेलमा आपतकालिन अवस्थाको आदेश राष्ट्रपति मोरेनोले दिनुभएको थियो । गत डिसेम्बरमा पनि जेल अस्थिरताको कारण ११ कैदी मृत्यु हुनुको साथै सात घाइते भएका थिए ।

## भारतमा बुधबार थप १६ हजार ७३८ जना व्यक्ति कोभिड-१९ सङ्क्रमित

नयाँदिल्ली, १३ फागुन (रासस/सिन्ह्वा) ।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बुधबारसम्म एक करोड १० लाख ४६ हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा १६ हजार ७३८ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड १० लाख ४६ हजार ९१४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जनाएको छ ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १३८ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५६ हजार ७०५ जना पुगेको छ । मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड सात लाख ३८ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ५१ हजार ७०८ जना सक्रिय सङ्क्रमित रहेका छन् ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले शुक्रबारसम्म देशभर २१ करोड ३८ लाख २९ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । बिहीबार एकै दिनमा मात्र सात लाख ९३ हजारभन्दा बढी व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेको जनाइएको छ ।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ । सो दिनदेखि हालसम्म एक करोड २३ लाख भन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन् । कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ ।

भारतमा कोरोना भाइरसविरुद्धको दोस्रो चरणको खोप अभियान आगामी मार्चदेखि सुरु हुने भएको छ । सरकारी अधिकारीले दिएको जानकारीअनुसार मार्च १ देखि ६० वर्षभन्दा बढी उमेरका व्यक्तिलाई खोप लगाइने भएको छ । त्यसैगरी दिर्घरोगी छन् भने ४५ वर्ष माथीकालाई पनि कोरोना भाइरसविरुद्धको खोप दिइने अधिकारीको भनाइ छ ।

केन्द्रीय मन्त्रिपरिषद्को बैठकपछि पत्रकारसँगको कुराकानीका क्रममा केन्द्रीय मन्त्री प्रकाश जवादेकरले दोस्रो चरणको खोप अभियानका बारेमा बुधबार जानकारी दिनुभएको हो ।

सरकारी स्वास्थ्य संस्थामा खोप लगाउनेलाई निःशुल्क खोप लगाउने व्यवस्था गरिए पनि निजी स्वास्थ्य संस्थामा खोप लगाउनेले भने आफैंले रकम तिर्नुपर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

# सप्तरी प्रिमियर लिगको तेश्रो संस्करण चैत ५ गते देखी



**दैनिक समाचारदाता**
**राजबिराज, १३ फागुन ।**
मेयर कप सप्तरी प्रिमियर लिगको (एसपीएल) को तेश्रो संस्करण आगामी चैत ५ गतेदेखी राजविराजमा सुरु हुने भएको छ ।

राजविराज नगरपालिकाको सहयोगमा आयोजना हुने उक्त प्रतियोगिताको सप्तरी क्रिकेट संघले आयोजन गर्देछ ।

प्रतियोगितामा ५ वटा फ्रेन्चाइज् टिमहरु सहभागीता रहने छन् । डिफेन्डिङ च्याम्पियन डाक्नेश्वरी ड्रागन, रुपनी राइडर्स, तिलाठी कोइलाडी, बोदेबर्साइन थन्डर्स र बजाज खडक वारियर्सको सहभागिता रहने सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

"बिगतको दुईवटा संस्करण भन्दा यस पटक प्रतियोगिता स्तरीय र भव्य हुनेछ, संघका अध्यक्ष श्रेष्ठले भने, प्रत्येक वर्ष आयोजनाको स्तर बढाउदै लगेका छौं ।"

यस पटक लिगमा राष्ट्रिय खेलाडीहरुको संख्या बढ्ने बताउदै श्रेष्ठले एउटा टिमले अन्तिम ११ मा ५ जना जिल्ला बाहिरका खेलाडीहरु समाबेश गर्न पाउने प्रावधान रहने पनि जानकारी दिए ।

लिगको अघिल्लो संस्करण अन्तर्राष्ट्रिय खेलाडी महबुब आलमसहित राष्ट्रिय क्रिकेटरहरु सुनिल धमला, मन्जित श्रेष्ठ, राजेश पुलामी, नन्दन यादव, प्रेम तामाङ, हसिम अन्सारी, पुष्प थापा, अविनाश कर्ण, हरिशंकर शाह जस्ता राष्ट्रिय खेलाडीहरु लिगमा बिभिन्न टिममा आवद्ध रहेका थिए ।

अध्यक्ष श्रेष्ठका अनुसार यस पटकको प्रतियोगिताका लागि टिकटको व्यवस्था रहेको तथा ती खेलहरु स्थानिय राजरंगशालामा खेलाइने जानकारी दिए । यसअघि प्रतियोगिता पबि स्कुलको खेल मैदानमा आयोजना हुँदै आएको थियो ।

प्रतियोगिताको बिजेता टिमले ३ लाख राशी पुरस्कार पाउने तथा अन्य पुरस्कारको रकममा समेत वृद्धि गरिने उनको भनाई छ । यसअघि बिजेता टिमका लागि १ लाख पुरस्कार राखिएको थियो ।

सप्तरी प्रिमियर लिगको पुरुष संस्करण पछि महिलाहरुको पनि लिग लगत्तै आयोजना हुने सप्तरी क्रिकेट संघका सचिव चन्दन यादवले जानकारी दिएका छन् ।

अघिल्लो संस्करण डाक्नेश्वरी ड्रागनले रुपनी राइडर्सलाई २ विकेटले पराजित गर्दै उपाधि जितेको थियो ।

# फागुन २९ देखी स्व. देवसुन्दर स्मृती प्रथम राष्ट्रिय भारोत्तोलन हुने



**दैनिक समाचारदाता**
**राजबिराज, १३ फागुन ।**
स्व. देवसुन्दर स्मृती प्रथम राष्ट्रिय भारोत्तोलन प्रतियोगिता आगामी फागुन २९ देखी राजविराजमा सुरु हुने भएको छ ।

सप्तरीका पुराना भारोत्तोलन खेलाडी एवं रेफ्रि राजविराज ९ निवासी स्व. देवसुन्दर यादवको स्मृती एवं सम्मानमा सो प्रतियोगिता आयोजना हुन लागेको हो ।

भारोत्तोलन संघ सप्तरीका अध्यक्ष महेश प्रसाद यादवको अध्यक्षतामा बिहीबार सम्पन्न बैठकले सो निर्णय गर्दै विभिन्न उपसमितिहरु गठन गरेको जानकारी दिएको छ ।

बैठकपछि जानकारी दिँदै संघका केन्द्रिय सदस्य समेत रहेका यादवले प्रतियोगितामा सातवटै प्रदेशका साथै सेना, सशस्त्र र नेपाल प्रहरीका गरि ३ वटै विभागिय टिमसमेतका १ सय ४० महिला तथा पुरुष खेलाडीको सहभागिता रहने बताए ।

प्रतियोगिता सम्पन्न गर्न बिहीबारै प्रचार प्रसार, खेलाडी तथा अतिथि व्यवस्थापन, स्वागत लगायतका विभिन्न उपसमिति समेत गठन गरिएको संघका सचिव गोपाल प्रसाद गुप्ताले जानकारी दिए । सप्तरीका चर्चित खेलाडी ५० वर्षिय यादवको २०७६ कार्तिक १४ गते निधन भएको थियो ।

# कुहिएका अवस्थामा शव फेला

लहान, १३ फागुन (रासस) ।
सिरहाको मिर्चैया नगरपालिका- ७ स्थित सामुदायिक वन क्षेत्रमा बिहीबार बिहान कुहिएको अवस्थामा एक महिलाको शव फेला परेको छ ।

हरियो सामुदायिक वनमा कुहिएको अवस्थामा करीब ३० वर्षीया महिलाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

रातो कुर्ता, हरियो सुरुवाल, खुट्टामा पाउजु लगाएकी महिलाको हालसम्म पहिचान खुल्न नसकेको प्रहरीको भनाइ छ । स्थानीय गोठालाले जङ्गल जाँदा महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । त्यसपछि प्रहरी घटनास्थल पुगेर मुचुल्का गरी शव परीक्षणका लागि लहानस्थित अस्पतालमा ल्याइएको प्रहरीले जनाइएको छ ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np